# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## उत्तरगया गाउँपालिका

## रसुवा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय


काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

उत्तरगया गाउँपालिका

रसुवा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

उत्तरगया गाउँपालिका

रसुवा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**महालेखापरीक्षक**

**२०८१**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**बाग्मती प्रदेश**

मितिः२०८१।०२।०८

प.सं. २०८०।८१
च.नं. ६२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
उत्तरगया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा।

**१. कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ४९ लाख ८२ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा रू २ करोड ११ लाख ७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरूजु असुल गर्नुपर्ने रू ९ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३६ लाख ७९ हजार, नियमित गर्नुपर्ने रू.२ लाख ५५ हजार समेत रू ४८ लाख ६५ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू. ५ करोड ४८ लाख ६५ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. ५ करोड ९७ लाख ३० हजार रहेको छ । यस गाउँपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

**३. अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक

आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

**५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

उत्तरगया गाउँपालिका,
रसुवा जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरूजु

### बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | ४७ | २४९८२ | ० | १७ | २०११७ | ६४ | ३० | ४८६५ | ९३० | २५५ | ३६७९ | ० | ० | ३९३४ | ० |

## २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रसुवा | ५४८८२ | ० | १७ | ५४८६५ | ० | ४८६५ | ५९७३० |

## ३. बेरूजु सम्परीक्षणको विवरण

(रू. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | १२ | कर्मचारी करार | ४३०१ |
| | | १५ | राष्ट्रपति रनिङ सिल्ड | १४ |
| | | १६ | बढि भुक्तानी | २ |
| | | २१ | पुनस्थापन सहयोग कार्यक्रम | ७० |
| | | २२ | नमुना विद्यालय भवन निर्माण | ३७ |
| | | २४ | घरभाडा | ७२ |
| | | ३१.४ | शिक्षण सिकाई फाराम | १५८ |
| | | ३१.७ | प्रमाण कागज | ११७७ |
| | | ३५ | सोझै खरिद | ४८७१ |
| | | ४३ | फरक शिर्षक | ७७८ |
| | | ४५ | बिल भरपाई | ५४० |
| | | ४९.३ | भुक्तानी | ३४० |
| | | ४९.४ | कार्यसम्पन्न | ४०२८ |

| | | | | |
|---|---|---|---|---|
| | | ५७ | गै.स.स बाट सेवा खरिद | ७९० |
| | | ६४.१ | रिभर्स फिड | २९४० |
| | **चालु वर्षको जम्मा** | | | **२०११७** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७८।७९ | विभिन्न | असुल | १० |
| | २०७७।७८ | विभिन्न | असुल | ७ |
| | **गत विगतको जम्मा** | | | **१७** |
| | **कुल जम्मा** | | | **२०१३४** |

**गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उत्तरगया गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसगाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २६ सभा सदस्य, १०४.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ८ हजार ५५५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि मिति २०८०।६।२ देखि मिति २०८०।६।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आयतर्फ रू ४०९५८१३४३.८२ र व्ययतर्फ रू. ६९९०६८१५५.९९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ६९८८० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रू. |
|---|---|---|
| १ | लेखापरीक्षणको क्रममा जनप्रतिनिधीलाई भुक्तानी गर्न नमिल्ने दैनिक भ्रमण भत्ता रू ३७८०० पारिश्रमिक कर रू १७६८० स्वास्थ्य तर्फ बढि भुक्तानी रू १२४०० तथा वैठक भत्ता वापत रू २००० गरी जम्मा रू ६९८८० असुल भइ राजश्व दाखिला भएको छ । | ६९८८० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो बर्ष थप भएको ३१ सम्बन्ध विच्छेद दर्ता भएकोमा २० वटा मात्र फस्यौंट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३ **आर्थिक विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based Financial Statement वमोजिमको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसारको व्यहोरा देखिएको छ -

• गाउँपालिकाले गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी सञ्चितकोषको खाता राखेको छैन । गाउँपालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरणमा सञ्चितकोषको आम्दानी रू ४४५९७२९६८।८७ उल्लेख गरेको छ । गाउँपालिकाको लेखाप्रणाली व्यवस्थापन गर्ने SUTRA प्रणालीको म.ले.प.फा.न २७२ मा सञ्चितकोषको आम्दानी रू. ३२७०८४७५८।९३ देखिन्छ भने सोही प्रणालीको सञ्चित कोषको अवस्था देखिने अनुसूची १० मा सञ्चितकोषमा यो वर्ष रू. ३२५५२४२८९।९३ प्राप्त भएको उल्लेख छ। विभिन्न प्रतिवेदनमा सञ्चित कोषको हिसाव फरक फरक देखिएकोमा गाउँपालिकाले खाता अद्यावधिक गरी हिसाव समायोजन गरेको छैन । सञ्चित कोषको हिसाव यकिन हुने गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

• गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोषको मौज्दात रू.३३७७४०३८।५३ र अन्य कोष तथा धरौटीको मौज्दात रू.७४७६३१३।०४ समेत रू. ४१३२०३५१।५७ मौज्दात रहेकोमा गाउँपालिकाको म.ले.प.फा.२७२ मा रू. ३८७०२७६५।०५ मात्र जिम्मेवारी अ.ल्या. देखिएको छ ।गाउँपालिकाले म्यानुअल रूपमा एकीकृत आ.वि. तयार गरी लेखापरीक्षणको लागि पेश गरेको कारण

समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा हिसाब समायोजन गरी मिलान गरेको छ।लेखापरीक्षणमा पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार सुत्रमासमेत समायोजन गरी हिसाव अद्यावधिक गर्नु पर्दछ ।

• म.ले.प.फा.२७२ को अनूसूची २४ अनुसार विभिन्न कोषसमेत गाउँपालिकाको यस वर्षको मौज्दात बाँकी रू.४६८९९३६२।८८ रहेको देखिन्छ।गाउँपालिकाले पेश गरेको बैंक स्टेटमेन्ट अनुसार रू. ४६९०४८१२।८८ देखिन्छ। जसअनुसार म.ले.प.फा.२७२ र बैंक स्टेटमेन्ट रू.५४५० ले फरक देखिएको छ।गाउँपालिकाले म्यानुअली तयार गरेको एकीकृत आर्थिक विवरणमा रू. ४६९०४८१२।८८ मौज्दात देखिएको छ । एकीकृत आर्थिक विवरण र सुत्र प्रणाली बीच हिसाव समायोजन गरी मिलान गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूची २ मा संलग्न छ ।)**

४ **बैंक हिसाव मिलान नगरेको-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रूपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | विवध खर्च खाता | ४५६४९९।७७ | ४५६४९९।७७ | |
| २ | स्थानीय धरौटी खाता | ३२१४७४०।५२ | ३२१४७४०।५२ | |
| ३ | स्थानीय संचित कोष खाता | ४२०१९९५९।६९ | ४२०२५४०९।६९ | (५४५०) |
| ४ | स्थानीय विवध कोष | ४००००० | ४००००० | |
| ५ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ८१०१६३ | ८१०१६३ | |
| | | | | **(५४५०)** |

सैद्धान्तिक बेरूजु

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउगाउँपालिका तथा नगरगाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरेता पनि कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगाबै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस गाउँपालिकाले हालसम्म १७ ऐन, ५३ नियमावली र कार्यविधि समेत ७० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको पाईयो ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रू १ करोड ८२ लाख ६० हजार खर्च लेखेको पाईयो ।

• गाउँपालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• गाउँपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• शिक्षा शाखाबाट संचालित कर्यक्रमको लागि कार्यक्रम संचालन पुस्तिका निर्माण गरि खर्च गरेतापनि उक्त कार्यक्रमको सेक्टर वाईज संचालन गर्ने कार्यविधि बनाएको पाईएन ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरूजु |
|---|

६ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७९।८० को अन्तरसरकारी अख्तियारी वाहेक गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबार रू ३१ करोड ७२ लाख ७८ हजारको आन्तरिक लेखापरीक्षण गराएको छैन । गाउँपालिकामा आन्तरिक लेखापरीक्षणको लागि १ दरवन्दी भएकोमा कर्मचारी पदपूर्ति हुन सकेको छैन । कर्मचारीको पदपूर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक

कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

७ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

७.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री चमेली गुरूङ्गले २०७९।३।१० गते रू ३८ करोड ८६ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरूजु

७.२ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा खर्चको प्रगति विवरण वनाई पेश गर्नुपर्ने र कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रू.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रोचौमासिक | |
| १ | चालुखर्चतर्फ | २१९,८५६ | ४८,१२४ | ५६,०८३ | ११५,६४९ | ५५,१९६ |
| २ | पूँजीगत खर्चतर्फ | ९७,४२२ | ३,९०१ | ५,९७८ | ८७,५४३ | ३९,९०९ |
| | कूल खर्च- | ३१७,२७८ | ५२,०२५ | ६२,०६१ | २०३,१९२ | ९५,१०५ |
| | खर्च प्रतिशत | **१००** | **१६.४०** | १९.५६ | **६४.०४** | **२९.९८** |

सैद्धान्तिक बेरूजु

७.३ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २०९१०००० | १५०५०९५४ | ४।७४ |
| सामाजिक क्षेत्र | २१०४८३२०० | १७४९३५५७५ | ५५।१४ |
| पूर्वाधार विकास क्षेत्र | ६१९०१००० | ४०८७४०१२ | १२।८८ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७८४०००० | १४१३४५९२ | ४।४५ |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| वित्तीय व्यवस्थापन र सुशासन | ० | ० | ० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९२७४५२१९ | ७२२८३२३५ | २२।७८ |
| जम्मा | | ३१७२७८३६८ | १०० |

उल्लिखित विवरण विश्लेषणबाट गाउँपालिकाले आर्थिक विकासमा कुल खर्चको जम्मा ४।७४ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । सामाजिक क्षेत्र र पूर्वाधार विकास क्षेत्रमा तोकिएको बजेट खर्च भएको देखिदैन । वातावरण तथा विपद व्यवस्थापन र वित्तिय व्यवस्थापन तर्फ गाउँपालिकाले बजेट नै छुट्याएको देखिदैन। प्रशासनिक खर्च तर्फ कुल खर्चको २२।७८ प्रतिशत खर्च गरेको देखिन्छ । गाउँपालिकाले विनियोजन दक्षता र खर्च कुशलता बढाउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

७.४ **खर्च बिश्लेषण -** गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रू ३ करोड ७१ लाख ३ हजार (गत वर्षको मौज्दात ३ करोड ३७ लाख ७४ हजार समेत) राजस्व बाँडफाँड र अनुदानबाट रू ३० करोड ८७ लाख ३७ हजार समेत रू ३४ करोड ५८ लाख ४० हजार आम्दानी भएकोमा चालु तर्फ रू २१ हरोड ९८ लाख ५६ हजार र पूँजिगत तर्फ रू ९ करोड ७४ लाख २२ हजारसमेत रू ३१ करोड ७२ लाख ७८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।८२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू ५४ लाख ६३ हजार खर्च भएको छ जुन आन्तरिक आयको १६४।१० प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०।४५ प्रतिशत चालु र २९।५५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

## ८ अनुदान वितरण र फिर्ता

८.१ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गरेको छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १५,७९,७३,००० | १४,२७,६६,५६६.०९ | १,५२,०६,४३३.९१ |
| | विषेश | - | - | - |
| | समपुरक | - | - | - |
| | अन्य | - | - | - |
| प्रदेश सरकार | शसर्त | १,९८,०२,००० | १,०२,७५,२७६.९४ | ९५,२६,७२३.०६ |
| | विषेश | २,००,००,००० | १,३५,३१,७४९.०८ | ६४,६८,२५०.९२ |
| | समपुरक | - | - | - |
| | अन्य | - | - | - |
| | जम्मा | १९,७७,७५,००० | १६,६५,७३,५९२.११ | ३,१२,०१,४०७.८९ |

| सैद्धान्तिक बेरूजु |
|---|

८.२ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी

निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रूपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ५ नाफामूलक संस्थाको लागि रू. ३७ लाख ९५ हजार अनुदान उपलब्ध गराएको छ ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | साथी बहुउदेश्यीय सहकारी संस्था लि. | आलु कोल्ड स्टोर अनुदान | ४९५,२००.०० |
| २ | धार्नाभुमेदेबी कृषी सहकारी संस्था लि. | तरकारि पकेट विकास कार्यक्रम | ६००,०००.०० |
| ३ | दोमसाङ फुलबारी कृषि सहकारी संस्था लि | तरकारी बालि नयाँ पकेट विकासकार्यक्रम | ६००,०००.०० |
| ४ | सरिता कृषि तथा पशुपन्छी फर्म | आलु पकेट विकास कार्यक्रमनिरन्तरता | ६००,०००.०० |
| ५ | साथी बहुउद्देश्यीय सहकारी संस्था लि. | नयाँ बाख्रा पकेट विकासकार्यक्रम सञ्चालन | १,५००,०००.०० |
| | जम्मा | | ३७,९५,२०० |

सैद्धान्तिक बेरूजु

## ९ आर्थिक सहायता र विविध खर्च

९.१ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रू.६ लाख ३४ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

९.२ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष ४ व्यक्ति एवं संघ संस्थालाई रू.४ लाख ७० हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

## १० विपद् व्यवस्थापन तर्फ

१०.१ **समिति गठन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन भएतापनि समितिको बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।

सैद्धान्तिक बेरूजु

१०.२ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१०.३ **विपद् व्यवस्थापन कोष -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले गत वर्षको मौज्दात रू. ८१०१६३ मा यस वर्ष कुनै आम्दानी र खर्च गरेको छैन । गाउँपालिकाले नियममा तोकिएबमोजिम खर्च कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१०.४ **वार्षिक प्रतिवेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था

छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१०.५ **राहत वितरण -** विपद व्यवस्थापन समितिले गाउँपालिकामा स्थायी वसोवास गरेका नागरिकको वर्षातमा घर पहिरोले जोखममा परेको भनी अधिकतम २ लाख सम्म राहत दिने निर्णय गरेको देखिन्छ । गाउँपालिकाले राहत दिने निर्णय गरेका व्यक्तिको स्रेस्तामा रहेका घरको फोटोहरू हेर्दा २ तल्लाको पक्कि घर भएका मानिसलाई समेत राहत वितरण गरेको देखिन्छ । गाउँपालिकामा रहेका गरिब तथा असहाय र आर्थिक रूपमा कमजोर वर्गको पहिचान गरेर मात्र राहत वितरण गर्नुपर्नेमा गो भौ नं ७८ बाट एकराज पौडेल तथा सावित्री भट्ट वली र दुर्गा नेपाललाई क्रमश-९००००, १९९००० र ९९००० समेत रू ३८८००० भुक्तानी गरेको देखिन्छ । गरिब आर्थिक रूपले विपन्न परिवारलाई राहत विरतण गर्नुपर्नेमा पक्की घर भएका तथा आर्थिक रूपले विपन्न र गरिब भएको परिचय पत्र विना नै राहत वितरण लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

११ **विपद व्यवस्थापन-** गाउँपालिकाले विपद व्यवस्थापन कोषमा वार्षिक रूपमा रू ८० लाख बजेट विनियोजन गरेकोमा गाउँपालिकाले विपद संग सम्वन्धित नहुने काममा टुक्रा टुक्रा पारी खर्च गर्ने गरेको देखियो । गाउँपालिकाले विपद व्यवसाथपन संग सम्वन्धित काममा मात्र विपद कोषबाट खर्च लेख्नुपर्नेमा कार्यागाउँपालिकाले विभिन्न असम्वन्धित कार्यमा खर्च गरेको देखिन्छ । यसरी बजेट विनियोजन गरेर मात्र निर्माण कार्य गर्नुपर्नेमा विपद व्यवस्थापन कोषको माध्यमबाट असम्वन्धित कार्यक्रममा बजेट टुक्रयाइ खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१२ **कर्मचारी करार-**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.४,३०१,०२४ सम्परीक्षण गरिएको ।)***

१३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छ-

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्ने गराउने तथा अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१४ **झोलुङ्गे पुल तर्फ -** गाउँपालिकाले e bidding मार्फत ईन्टरटेक प्राईभेट लिमिटेडसँग बोलपत्र प्रकृया माध्यमबाट रू १७०२८३१।६४ मा सम्झौता गरी खरिद कार्यको भुक्तानी दिएको पाईयो ।उक्त सामग्रीहरू छिमेर खोला पुल ट्रस निर्माण समितिलाई बुझाएको र कार्यसम्पादन जमानत २०८०।११।४ सम्म मात्र रहेकोमा कार्य सम्पन्न भएको पाईएन। उपभोक्ता समितिले तोकेको मापदण्ड अनुसार खरिद भएका सामग्रीहरू प्रयोग गरी कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०२,८३१ |

१५ **राष्ट्रपति रनिङ सिल्ड खेलकुद कार्यक्रम —**
***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रु.१४०५० सम्परीक्षण गरिएको ।)***

१६ **बढी भुक्तानी -** आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च लेख्दा खर्चलाई पुष्टाइ गर्ने कागजात विल भर्पाइ सहित खर्च लेख्नु पर्दछ । गाउँपालिकाले तपशिल बमोजिमका कार्यक्रममा वास्तविक खर्च भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| भौ.नं.।मिति | व्यक्तिको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १९९।२०७९।९।२२ गा पा चालु | तथ्याङ्क अधिकृत दुखीलाल साह | ५६०० | HMIS तालिम संचालनमा ४ वटा सेसनको कार्यपत्र बनाएकोमा ८ वट कमर्यपत्र को १४०० को दरले बढी भुक्तानी |
| २११।२०७९।९।२२ गा पा चालु | पवित्रा शर्मा | ६००० | अफिस समयमा एकै दिनमा ३ पटक सम्म बसेको वैठक |
| | चुडामणि भट्टराई | | |
| ३००।२०७९।१०।२९ | शेर सिंह रावल | ५६०० | एकीकृत पाठ्यक्रम प्रवोधिकरण तालिममा कार्यपत्रको बढी भुक्तानी |
| | हरि प्रसाद खनाल | | |
| ८३२।२०८०।३।२४ | राजमंगल पंडित | १८०० | गाडी भाडा बढी भुक्तानी भएको । |
| जम्मा | | १९००० | |

***प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।१६ को निर्णयबाट राजमंगल पंडितको जम्मा रु. १,८०० ।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,२०० |

१७ **स्वास्थ्य संस्थाहरूको मासिक अर्धवार्षिक तथा वार्षिक समिक्षा -** यस कार्यक्रम अन्तर्गत हरेक महिना मासिक समिक्षाका लागि वैठक बसेको भनि स्वस्थ्य शाखाका कर्मचारीहरू उपस्थित जनाई मुकाममा आउन भ्रमण भत्ता लिएको र संयोजक भत्तासमेत गरी वार्षिक रू १ लाख ६ हजार खर्च गरेकोमा एक्त वैठकको सुझाव,

समिक्षा र अगामि दिनमा गर्नुपर्ने सुधार सम्बन्धमा केही पनि निर्णय भएको पाईएन ।लेखापरीक्षणको क्रममा कुनै पनि निर्णय भएको प्रमाण कागजात पेस नगरेकोले गाउँपालिकाले खर्च लेख्दा खर्चलाई पुष्टाइ हुने प्रमाण कामगजात मात्र राखेर खर्च लेख्ने तर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरूजु |
|---|

१८ **विद्यालय भवन निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितले जटिल प्रकारका काम गर्न नमिल्ने व्यवस्था गरेको छ । पालिकले विद्यालय व्यवस्थापन समितिलाई तिरू विद्यालयको ४ कोठे भवन निर्माण गराउन विद्यालयलाई निकासा दिएकोमा आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत विद्यालय व्यवस्थापन समितिले निर्माण गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।उक्त निर्माण सम्बन्धमा देखिएका थप व्यहोराहरू देहाय बमोजिम रहेको छ ।

१८.१ **बढि भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम समितिलाई भुक्तानी गर्दा वस्तविक नापीका आधारमा पेस गरेको बील भर्पाइ परीक्षण गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।तिरू विद्यालय भवन निर्माण अन्तर्गत गो भौ नं ५ मिति २०७९।१२।१२ र १४ मिति २०७९।३।२१ बाट जम्मा रू ५४५१४७० भुक्तानी गरेकोमा डण्डी र ईटा कार्यमा विद्यालय व्यवस्थापन समितिले देहाय बमोजिम पेश गरेको बिल अनुसारको परिमाण र नापी किताबमा देखिएको बढी परिमाणको भुक्तानी असुल गर्नुपर्ने रू

| आइटम | बिल अनुसारको परिमाण | नापी अनुसारको परिमाण | फरक | दर रेट | जम्मा |
|---|---|---|---|---|---|
| १० एम एम | १७४४ | ५१७० | ३४२६ | ९७ | ३३२३२२ |
| २० एम एम | ५५६ | ६२१।९९ | ६५।९९ | ९७ | ६४०१ |
| ब्रिक्स | १८३०० | २८८८१ | १०५८१ | ५ | ५२९०५ |
| जम्मा | | | | | **३९१६२८** |

| असुल गर्नुपर्ने | ३,९१,६२८ |
|---|---|

१८.२ **शुरू परिमाण भन्दा बढि भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितले तोकिएको काम गर्नुपर्दछ । उपभोक्ता समितिले निर्माण गर्ने कार्यको भेरियसन गर्न सकिदैन । विद्यालय व्यवस्थापन समितिले भवन निर्माण गर्नका लागि गरेको खरिद सम्झौता भन्दा शौचालय लगायतका अन्य थप काम गर्दा तपिशल वमोजिम बढि परिमाण नापी गरी भुक्तानी गरेको देखिन्छ । तपशिल वमोजिमका आइटममा शुरू परिमाण भन्दा बढि नापी गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू

| आईटम | शुरू परिमाण | भुक्तानी परिमाण | फरक | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| Earthwork in excavation | १५५.४४ | १७२.६५ | १७.२१ | ७३.३४ | १२६२.१८१४ |
| Stone soling | ७.०६ | ११.३३ | ४.२७ | ३३२५.३३ | १४१९९.१५९१ |
| pcc(1-3-6) work in foundation | ४.८३ | ५.६६ | ०.८३ | १४८४५.३ | १२३२१.६०७३ |
| 230 mm brick masonary work | ३९.७ | ५१.५२ | ११.८२ | १७७९४.२ | २१०३२६.८५३ |
| **जम्मा** | | | | | २५५२५६.२८९ |

| अनियमित भएको | २,५५,२५६ |
|---|---|

१९ **महिला नेतृत्व सहीतको पर्यटकीय गन्तव्य पहिचान कार्यक्रम -** यस कार्यक्रम अन्तर्गत महिलाको नेतृत्वमा कुनै पनि पर्यटकीय स्थलमा भ्रमण हुनुपर्नेमा ४९ जना सहभागितामा जम्मा ७ जना महिला सहभागि देखियो । उक्त कार्यक्रमको व्यवस्थापकीय जिम्मेवारी समेत महिलाले वहन नगरेको हुँदा कार्यक्रमको लक्ष्य अनुरूप महिला सहभागिता र नेतृत्व बढाउनु पर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

२० **स्वास्थ्य संस्थालाई अनुदान -** ३५।२०८०।२।५ को निर्णय अनुसार न्युनतम सेवा मापदण्ड सुधारका लागि स्वास्थ्य संस्थालाई सशर्त अनुदान वापत ३ वटा स्वास्थ्य संस्थालाई रू ५०००० का दरले रू १५०००० रकम विनियोजन गरिएको छ ।त्यस्तो रकम स्वास्थ्य संस्थाले तोकिएको काममा खर्च गरे नगरेको सम्बन्धमा गाउँपालिकावाट अनुगमन भएको देखिदैन । उल्लेखित रकम उद्धेश्यअनुसार खर्च भए नभएको सम्बन्धमा गाउँपालिकावाट नियमित अनुगमन हुनुपर्दछ।

| सैद्धान्तिक बेरूजु |
|---|

२१ **पुन- स्थापना सहयोग कार्यक्रम -**
✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णयबाट रु.७०,००० सम्परीक्षण गरिएको ।)***

२२ **नमुना विद्यालयको भवन निर्माण -**
✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२४ को निर्णयबाट रु.३७,४८६ सम्परीक्षण गरिएको ।)***

२३ **जिन्सी सहायता -** कार्यालयले जिन्सि सहायता शिर्षकवाट गो भौ नं ७५२ मिति २०८०।३।२१ मा खरिद गरी रू. २,९६,९९८।० कुर्सी, त्रिपाललगायतका सामान मिर्मिरे आमा समुहलाई वितरण गरेको छ । उक्त

सामानहरू कुन उद्धेश्यका लागि, कुन -कुन क्षेत्रमा, कसरी उपयोग गर्ने भन्ने सम्बन्धमा भुक्तानीसाथ संलग्न कागजातमा केहि उल्लेख गरिएको छैन । हाल उक्त सामानहरू गाउँपालिकाले वितरण गरेको उद्धेश्यअनुसार नै प्रयोग भएको सम्बन्धमा पनि एकिन हुने अवस्था छैन । तसर्थ गाउँपालिका वितरण गरेका जिन्सी सामानको प्रयोग र उपयोगको अवस्थावारे गाउँपालिकाले नियमित अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२४ **घरभाडा -**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट रु.७२,००० सम्परीक्षण गरिएको ।)*

२५ **पुस्तक तथा सामाग्री -** कार्यालयले करिव १५१ किसिमका फरक-फरक विधाका २०० भन्दा बढी पुस्तक खरिदमा गो भौ नं ६७९ मिति २०८०।३।८ मा रू. १,८१,७९२।० बजेट खर्च गरेकोमा लेखापरिक्षण अवधिसम्म उक्त पुस्तकहरू जिन्सी कोठमा थन्किएर रहेको देखिन्छ ।यसवाट पुस्तक खरिदमा भएको खर्चको उपलब्धी हासिल भएको देखिदैन । पुस्तकहरू ज्ञान आर्जन र ज्ञान वृद्धिका माध्यम भएकोले कार्यालयले यथाशिघ्र पुस्तकालय निर्माण गरी सम्पुर्ण गाउँपालिका वासिले सहज तरिकाले पढन पाउने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२६ **खर्चको आधार -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले संस्थागत क्षमता विकास परिक्षा सञ्चालन एवं विद्यार्थी मूल्याङ्कन खर्च गो भौ नं ३११ मिति २०८०।३।२३ बाट रू.८१०००.०० खर्च गरेको छ । चुडामणी भट्टराइ र पवित्रा शर्माले विभिन्न कार्य गर्दाको भत्ता भनी भुक्तानी लिएकोले कर कट्टि वाहेक उक्त कार्य गर्दा भत्ता पाउने आधार पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| **विवरण** | **दिन** | **दर** | **रकम** |
|---|---|---|---|
| शिक्षा शाखाद्वरा तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० तयारी वापतको भत्ता | ५ | १००० | ५००० |
| शिक्षा शाखाद्वरा तयार गरिएको शिक्षक डायरी २०७९।८० निर्माण तथा वितरण भत्ता | ४ | १००० | ४००० |
| शिक्षा शाखाद्वरा तयार पारिएको शिक्षक डिजिटल डाटावेस २०७९।८० तयारी भत्ता | ५ | १००० | ५००० |
| शिक्षा शाखाद्वरा २०७९।८० कफ IEMIS तथ्याङ्क भर्न र अद्यावधिक गर्न सहजीकरण गरे वापतको भत्ता | ५ | १००० | ५००० |

| | | | |
|---|---|---|---|
| शिक्षा शाखाद्वारा तयार पारेको २०७९।८० को वार्षिक प्रतिवेदन तयारी भत्ता | ३ | १००० | ३००० |
| शिक्षा शाखाद्वरा तयार पारेको वार्षिक योजना सहितको शैक्षिक क्यालेण्डर २०७९।८० निर्माण तथा वितरण भत्ता | ४ | १००० | ४००० |
| शिक्षा शाखाद्वरा तयार पारेको शैक्षिक स्थिति प्रतिवेदन २०७९।८० तयार वापत भत्ता | ७ | १००० | ७००० |
| शिक्षा शाखाद्वरा शैक्षिक सत्र २०८० को विद्यालय अनुगमन सहजीकरण गरे वापत भत्ता | २ | १००० | २००० |
| जम्मा | | | ३५००० |
| २ जनाको | | | ७०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,५०० |

२७ **बोका खरिद -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले ५० प्रतिशत अनुदानमा नयाँ बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत गो भौ नं ३१३ मिति २०८०।३।२३ बाट रू.१४९५२००.०० खर्च लेखेको छ । साथी बहुउदेश्यीय सहकारी संस्थावाट मिति २०८०।२।२० देखि २२ सम्म २१ जना सहभागी थिए । सानो खोर सुधार ३० जनालाइ रू.१००००.०० र ठुलो खोर सुधार १५ जनालाई रू.२००००.०० र ५ गोटा बोका नश्ल सुधारको लागी ५ जनालाइ रू.१२५००.०० को दरले किसानबाट सिधैं खरिद गरी वितरण गरेको छ । यसले गर्दा नश्ल सुधारको लागी खरिद गरिने वोकाको स्वास्थ्य परिक्षण, प्राविधिक रिपोर्ट र विमा समेत नगरेकोले वितरण पश्चात आउन सक्ने सम्भावित जोखिम न्यूनिकरणमा ध्यान दिएको देखिएन । तसर्थ आगामी दिनमा अन्य संस्थावाट कार्यक्रम गराउंदा चाहिने कागजात समेत समावेश गर्न लगाइ अनुदान दिने व्यवस्था हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२८ **मापदण्ड निर्धारण नगरी वितरण -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिका सम्भाव्य उत्पादनको उत्पादकत्व र वजार प्रतिस्पर्धा वृद्धि गर्नका लागी कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण अन्तर्गत इलेक्ट्रीक कर्नसेलर ७ थानको गो भौ नं ३१४ मिति २०८०।३।२३ बाट रू.६९६५०.०० मा खरिद गरेको छ । उक्त मेशिन ५ नं वडाका वडाध्यक्षको संयोजकत्वमा वैठक वसी ७ जनालाइ दिने निर्णय गरी वितरण गरेको देखिन्छ । आगामी दिनमा यस्ता कार्यक्रम गर्दा न्यूनतम मापदण्ड वनाइ त्यसको आधारमा छनौट गरी वितरण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२९ **प्रधानमन्त्री रोजगार-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा सडक मर्मत निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७९ जनालाई रोजगारी उपलव्ध गराई रू.४९,९१,८७९ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

सैद्धान्तिक बेरूजु

३० **गाडि भाडा-** गाउँपालिकाले खर्च गर्दा मितव्ययिता कायम हुने गरी समानिकरणबाट उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष घर भाडामा मात्र १८ लाख बजेट विनियोजन गरी १५ लाख खर्च गरेको देखियो । यसरी प्रत्येक वर्ष घर भाडामा गाउँपालिकाको ठूलो रकम खर्च हुने गरेकोले यस्तो खर्चमा गाउँपालिकाले मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

३१ **संघीय शसर्त अनुदान तर्फ**

३१.१ **अनुदानको अनुगमन -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न संघ/संस्थालाई अनुदान वापतको रकम भुक्तानी दिएकोमा उक्त अनुदान रकमवाट भए गरेका कार्यको निम्नानुसारको भौ.नं. र मितिवाट गरेको कार्यको गाउँपालिकावाट अनुगमन गरेको नदेखिएकोले आगामी दिनमा यस्तो अनुदान रकमवाट भए गरेका कार्यको गाउँपालिकाले अनिवार्य अनुगमन गरी भए गरेका क्रियाकलापहरू समेटि प्रतिवेदन गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

| **भौ.नं.मिति** | **विवरण** | **अनुदान रकम** |
|---|---|---|
| ९९-१२।१२ | श्री निलकण्ठ मा.वि. प्राविधिक धार ल्याव सामाग्री खरिद, पर्दा, कार्पेट, राउण्ड टेवल खरिद | २०००००.०० |
| २६४-३।५ | विद्यालय सैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान श्री ढुंगे आ.वी ल्याव निर्माणको निर्माण सम्पन्न पश्चात वि.व्य.स. को वैठक | ६५००००.०० |
| २१८-१।२४ | विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वाट भए गरेका क्रियाकलापहरू समेटि कार्यालयले अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने | ५००००.०० |
| | जम्मा | ९००००० |

| सैद्धान्तिक बेरूजु |
|---|

३१.२ **पोषण कार्यक्रम -** स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९।८० को १० नं. मा स्वास्थ्यकर्मीहरूलाइ बृहत पोषण प्याकेज क्षमता अभिवृद्धी गर्ने कार्यक्रम अन्तर्गतको सञ्चालन प्रक्रियामा उल्लेख भएकोमा यो कार्यक्रम ७ दिनको १ पटक दिनुपर्ने र गाउँपालिका अन्तर्गतका केही कर्मचारीहरू समेत सहभागी हुन सक्ने उल्लेख छ । उक्त कार्यक्रममा ८ जना कर्मचारी सहभागी गराइ निम्नानुसारको भौ.नं र मितिवाट प्रशिक्षार्थी धेरै भएको कारण २ पटक कार्यक्रम सञ्चालन गरी रू.४३२९७०.०० खर्च लेखेको छ । यसरी कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९।८० ले व्यवस्था गरे वमोजिम आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययी तवरले कार्यक्रम सञ्चालन गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

| भौ.नं.मिति | कार्यक्रम | अवधी | रकम |
|---|---|---|---|
| ७२-१०।१ | पोषण कार्यक्रम | २०७९।९।१५ -२१ | २२०९१०.०० |
| ७३-१०।९ | पोषण कार्यक्रम | २०७९।९।२२ -२८ | २१२०६०.०० |

| सैद्धान्तिक बेरूजु |
|---|

३१.३ **तालिम -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आवश्यकताको पहिचानको आधारमा पुर्नताजगी एडभान्स सिप विकास तालिम (वाख्रा पालन) मिति २०८०।२।४ देखि २।१० सम्म सञ्चालन गरी गो भौ नं ३०९ मिति २०८०।३।२१ बाट रू.१०४१४०.०० खर्च गरेको छ । यसरी पुर्नताजगी तालिम दिंदा गत विगतमै तालिम लिइ व्यवसाय गर्दै आएका वाख्रापालन व्यवसाय गर्ने कृर्षकलाइ दिनुपर्नेमा तालिममा सहभागी कृषकहरूलाइ तालिम दिंदाको कार्यपत्र, सहभागीको परिचय खुल्ने प्रमाण र प्रशिक्षकहरूको सम्झौता गर्दा दैनिक भत्ता रू.२४००.०० का दरले २ जना प्रशिक्षकको रू.३३६००.०० भुक्तानी गरेको छ । निजहरूले एकदिनमा कति पिरियड वा पुरै पिरियड लिनुपर्ने सम्झौतामा खुल्दैन । अत सम्झौता गरी प्रशिक्षक नियुक्ति गर्दा सबै कुरा खुलाइ सम्झौता गर्नुपर्दछ र माथी उल्लेखित कुराहरू समावेश गरी तालिम सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

३१.४ **शिक्षण सिकाइ फाराम -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट रु.१५७,७७२ सम्परीक्षण गरिएको ।)***

३१.५ **तालिमको विश्वसनियता -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले ५० प्रतिशत अनुदानमा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रम अन्तर्गत दोभसाङ फुलवारी कृषि सहकारी संस्था लि.को विलवाट निम्नानुसारको टनेल र वाटरपम्प खरिद गरी भुक्तानी गरेको छ । नयाँ कृषकहरूलाइ

तालिम नदिइ टनेल मात्र वितरण गर्दा उदेश्य अनुसारको प्रतिफल प्राप्त हुन सक्दैन । टनेल लिने कृषकहरूको सम्बन्धित कृषि सहकारीमा आवद्दता भएको खुल्ने प्रमाण पेश भएको छैन । साथै २३ थान टनेल वितरणको भरपाइ पेश भएको छ । वाटरपम्प १ थान सम्बन्धित संस्थामा रहेको प्रमाण र बांकी ७ थान टनेल वितरण भएको नदेखिएकोले रू.९७८८७.०० सम्बन्धित सहकारी संस्थावाट असुल गर्नुपर्ने रू.

| **भौ.नं.मिति** | **सामान** | **दर** | **भुक्तानी रकम (मू.अ.कर वाहेक)** |
|---|---|---|---|
| ३०४-३।२२ | ६ मिx१२ मि टनेल ३० थान (७० ग्रामको) | ५३०० | १५९००० |
| | ६ मिx१२ मि टनेल ३० थान (९० ग्रामको) | ७०७५ | २१२२५० |
| | वाटरपम्प १ थान | ५३२०० | ५३२०० |
| जम्मा | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,८८७ |

३१.६ **निष्क्रिय विद्यालय -** गाउँपालिकाले उपलव्ध गराएको शिक्षकहरूको तलवी प्रतिवेदन अनुसार निम्नानुसारका विद्यालयहरू जस्तैः वडा नं.१ अन्तर्गत पर्ने ३ वटा विद्यालयहरू भुमेदेवी प्रा.वि, कालिका प्रा,वि र वाल उदय प्रा.वि को तलवी प्रतिवेदनमा स्थायी शिक्षक, विद्यालय र दरबन्दी देखिएको तर ती शिक्षकहरूले अन्य विद्यालयमा अध्यापन गराइ रहेको देखिन्छ । विद्यालयको ईमिस रेकर्डमा विद्यालय विवरण नदेखिएको, सञ्चालनमा नरहेको, निकासा वापतको रकम विद्यालयमा नगएको र विद्यालय चालु नरहेको अवस्थामा उक्त विद्यालयको कार्यालयवाट अनुगमन गरी सत्यतथ्य पत्ता लगाइ कार्य अगाडी वढाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३१.७ **प्रमाण कागजात पेश नभएको -**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट रु.१,१७६,८८० सम्परीक्षण गरिएको ।)***

३१.८ **फाँटवारी भन्दा वढी भुक्तानी -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले सञ्चालनमा रू.६६८००.०० खर्च गरेको छ ।तपशिल वमोजिमको खर्चको फाँटवारी परिक्षण गर्दा विल भरपाइ भन्दा बढि खर्च खर्च लेखेको रकम असुल गर्नुपर्ने रू.......

| भौ.नं. मिति | कार्यक्रमको नाम | खर्च रकम | फाटवारी अनुसारको रकम | वढी भुक्तानी रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६१-९।२५ | विद्यालय स्वास्थ्य शिक्षा/ आमा समूह महिला स्वास्थ्य स्वयंसेविका हरूका लागी सामाजिक व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम | ६६८०० | ५९६०० | ७२०० |
| २१५-१।२४ | हात्तिपाइले रोग विरूद्दको आम औषधी सेवन अभियान | १४६४०० | १३१००० | १५४०० |
| | जम्मा | २१३२०० | १९०६०० | २२६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,६०० |

३१.९ **सेनिटरी प्याड -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्षको अन्त्यमा ६६३० थान खरिद गरी गो भौ नं २९८ मिति २०८०।३।२१ बाट रू.५६१०४५.०० खर्च लेखेको छ । सेनेटरी प्याड आर्थिक वर्षको शुरूमै खरिद गरी वितरण गर्दै जानु पर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरी मौज्दात रहेको छ । कार्यक्रम कार्यान्वयन निर्देशिकाको व्यवस्था वमोजिम शुरूमै खरिद गरी खर्च गर्दै जाने तर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३१.१० **सम्झौता -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले गरिवी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम २०८०।२।१८ देखि ३२ सम्म ३२ जना सहभागी भई सञ्चालित कार्यक्रममा सहभागी लाभग्राहीहरूको छनौट प्रक्रिया, वडाको शिफारिस, कक्षा सञ्चालनको सेडुअल आदी प्रमाण कागजात संलग्न गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।गो भौ नं २८६ मिति २०८०।३।२० बाट उक्त कार्यक्रममा प्रशिक्षक ललितपुर वडिखेल ५ का सानोभाइ पहरीसंग सम्झौता गरी दैनिक रू.५०००.०० का दरले १५ दिनको रू.७५०००.०० भुक्तानी गरेको छ । अर्का सहायक प्रशिक्षक रामलाल राइसंग सम्झौता गरी दैनिक रू.१३००.०० का दरले १५ दिनको भुक्तानी गरेको छ । प्रशिक्षकहरूसंग सम्झौता गर्दा दैनिक मात्र उल्लेख गरेको छ । निजहरूसंग पुरै तालिम अवधीभरको कक्षा सन्चालनको सम्झौता वा दैनिक कति कक्षा सन्चालन गरेवापत कति भुक्तानी गर्ने सम्झौतामा उल्लेख नभएकोले यस्तो कार्यक्रम गर्दा सम्झौतामा स्पष्ट उल्लेख गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३२ **औषधि खरिद -** गाउँपालिकाले यस आर्थिक वर्षमा बोलपत्र प्रकृयाबाट रू ३६७१३०८ (भेटेनरी औषधि सहित) को खरिद गरेकोमा गत वर्षको औषधि मौज्दातहरू के कति थियो उक्त आर्थिकवर्षमा कुन कुन औषधीको माग बढि भएको थियो भन्ने सम्वन्धमा विश्लेषण गरी वास्तविक औषधी के कति चाहिने हो सोको आवश्यकता पहिचान गरेर मात्र औषधी खरिद गर्नुपर्दछ । गाउँपालिकाले विभिन्न स्वास्थ्य चौकिमा विगत

वर्षमा मौज्दात औषधीको वास्विक विवरण नै संङ्कलन नगरी माग फारामका आधारमा मात्र औषधी खरिद गर्ने गरेको देखिएकोले औषधी खरिदको अवस्था आवश्यक्तामा आधारित छ भन्न सकिने अवस्था छैन । गाउँपालिकाले आवश्यकताको पहिचान र गत वर्ष बाँकी रहेको औषधिको मौज्दात यकीन गरेर मात्र औषधि खरिद गर्नुपर्दछ ।

क) आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।

ख) आपूर्ति भएका औषधी एवंम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

ग) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको ।

घ) औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

| सैद्धान्तिक बेरूजु |
|---|

३३ **आन्तरिक आय तर्फ** - गाउँपालिकाले उपलव्ध गराएको आम्दानीको विवरण अनुसार यो बर्ष बिभिन्न शिर्षकहरूमा रू.३३ लख २९ हजार आम्दानी गरेको देखाएको छ । उक्त आन्तरिक आयको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन ।

**गाउँपालिका र वडागत आम्दानी** - गाउँपालिका अन्तर्गत ५ वडा रहेकोमा वडा कार्यालयहरूबाट समेत सिफारिश दस्तुर लगायतका शिर्षकमा राजश्व असुली गर्ने अधिकार दिएको पाइयो । गाउँपालिका र वडाहरूबाट आम्दानी गरिएका मालपोत. शिफारिस र वालुवा गिट्टी लगायत अन्य दस्तुर वापत रू.१२ लाख आम्दानी भएको लेखापरीक्षणमा प्राप्त विवरणवाट देखिएको छ । गाउँपालिकाले नगदी रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको कारण गाउँपालिकाले नगदी रसिदवाट प्राप्त गरेको राजश्व भिडान गर्न सकिएन । वडा कार्यालयहरूमा सिफारिश सम्बन्धी अलग्गै अभिलेख राख्ने नगरेकोले के कति राजश्व प्राप्त हुनुपर्ने थियो भनि एकिन गर्ने अवस्था रहेन । वडामा प्राप्त राजश्व ढिला दाखिला गर्ने गरेको देखियो । प्राप्त राजश्व समयमै दाखिला गर्ने र रसिद नियन्त्रण खाता अद्यावधिक गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

३४ **कर दस्तुर एवं आन्तरिक आय**

३४.१ **गिट्टी, ढुंगा, बालुवाको कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यस गाउँपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसवर्ष न्यून रकम आम्दानी गरेको छ । गाउँपालिकाबाट सञ्चालन भएका निर्माण कार्यको परीक्षण गर्दा उपभोक्ता समितिले धेरैजसो

वीलहरू गाउँपालिकाभित्र नै ढुङ्गा गिट्टी बालुवा खरिद गरेको भर्पाइ पेस गरेको देखिन्छ । पालिकले स्थानीय ढुङ्गा गिट्टी वालुवा विक्रीमा प्रदेश कानुनले तोकेको दरमा कर असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३४.२ **मनोरञ्जन कर**– गाउँपालिकाको आर्थिक ऐन २०७९ ले गाउँपालिकाभित्र चलचित्र घर भिडियो घर सास्कृतिक स्थल मनोरञ्जर्शन हल कन्सर्ट दोहोरी साझ नाट्यघर फनपार्क वाटरगार्डेन वाल उद्यान डान्स बार लगायतका मनोरञ्जनका स्थलमा वागमती सरकारले तोकेको कानुन वमोजिम मनोरञ्जन कर असुल गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यय सम्बन्धी कर असुल गरेको देखिएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सम्भाव्य करयोग्य व्यवसायको पहिचान गरी मनोरञ्जन कर असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३४.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| मालपोत कर | २३०००० | १८५३३५ | ८०।५८ |
| बहाल कर | २५०००० | ३४१५२७ | १३६।६१ |
| नक्सापार।सिफारिश।घटना।नाता प्रमाणित।अन्य दस्तुर | ६५०००० | ७१३७५३ | १०९।८ |
| रजिस्ट्रेशन दस्तुर | १३०००० | २२०६५० | १६९।७३ |
| अन्य राजस्व | १८००,००० | १,८५६,४५२.२८ | १०३.१४ |

गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३५ **सोझै खरिद –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.४,८७०,६९५ सम्परीक्षण गरिएको ।)*

३६ **पाइप खरिद-** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम खर्च लेख्दा खर्चलाई पुष्टयाइ गर्ने बील भर्पाइ प्रमाण कागजात तथा प्रयोजन खुलाइ प्रमाणका आधारमा खर्च लेख्नुपर्दछ । गाउँपालिकाले १० लाख भन्दा बढिको खरिद एकै पार्टिसंग पटक पटक गरी सोझै खरिद

विधीवाट पाइप खरिद गर्ने र गाउँपालिकाका विभिन्न व्यक्तिलाई वितरण गरेको भर्पाइ राखी खर्च लेख्ने गरेको देखिन्छ ।यसरी प्रतिस्पर्धा वेगर नै सोझै खरिद गरेको कार्य नियमसम्मत मान्न सकिदैन । पाइप कुन प्रयोजनमा प्रयोग भएको सोको जडान प्रतिवेदन नराखेको वास्तविक गरिब वा कृषक हो होइन भन्ने समेत एकिन नखुलाएको वितरणको मादपण्ड छनौटको आधार विना नै वडा कार्यालयको सिफारिस पत्रका आधारमा पाइप खरिद गरी वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| **गो भौ नं र मिति** | **भुक्तानी पाउने** | **पाइप परिमाण** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| २।२०७९।६।११ | लामिछाने हार्डवेयर | ३०२५ मिटर | ९२९७५२ | पाइप के प्रयोजन र कुन कुन ठाउँमा जडान भएको नखुलेको |
| १५१।२०८०।३।२१ | लामिछाने हार्डवेयर | ५४०० मिटर | ३४९०२६ | जडान प्रतिवेदन नभएको |
| १५२।२०८०।३।२१ | लामिछाने हार्डवेयर | | २५७६४ | प्रयोजन नखुलेको |
| जम्मा | | | १३०४५४२ | |

सैद्धान्तिक बेरूजु

३७ **सवारी खरिद -** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ६ थान दुई पांग्रे सवारी साधन एब थान स्कुटर सोझै र ५ थान मोटरसाइकल क्याटलग सपिङ विधीबाट खरिदमा रू २४५२३९८ खर्च गरेको छ । गाउँपालिकाको आन्तरिक आम्दानी रू ३३ लाख २९ हजार मात्र भएको गाउँपालिकाले सवारी साधन खरिदमा मात्र रू २४ लाख २३ हजार खर्च गरेको छ । गाउँपालिकाले आन्तरिक आम्दानी वृद्दि गरेर मात्र कर्मचारीको थप सेवा सुविधमा खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३८ **बढि भुक्तानी -** गाउँपालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी सोही वमोजिम भुक्तानी गर्नुपर्दछ । खेलमैदान संरक्षण कार्य गर्नका लागि मैगलादेवी सुवास कन्स्ट्रक्सन प्रा लि लाई गो भौ नं १३ मिति २०७९।९।४ बाट रू ५२६४२४ खर्च लेखेकोमा पिसिसि १-२-४ को २।३० घनमिटरको स्वीकृत दर १५१२४ मा भुक्तानी गर्नुपर्नेमा रू २१००० का दरले भुक्तानी गरेकोले भुक्तानी गर्नुपर्ने भन्दा बढि भुक्तानी भएको रू १३५१४असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५१४ |

३९ **विस्तृत नापी नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक रूपमा नापजाँच गरी उपभोक्ता समितिले खर्च अनुमोदन सार्वजनिक सुनुवाइ गर्नुपर्ने र सो प्रमाण पेस गरेपश्चात मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद सम्झौता गरी निर्माण कार्य सम्पन्न गरेका तपशिल वमोजिका कार्यमा विस्तृत नापी पेस नगरेको कतिपय आइटममा लमसम प्रतिशत राखी नापी गरेकै आधारमा भुक्तानी गरेको देखिन्छ । अन्तिम भुक्तानी दिदाँ नापी किताबमा उपभोक्ता समितिले गरेको कामको सम्पूर्ण परिमाणको विस्तृत नापी गरी स्थान वा चेनेज उल्लेख गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

| **गो भौ नं र मिति** | **भुक्तानी पाउने** | **विवरण** | **आइटम** | **रकम** |
|---|---|---|---|---|
| ४३।२०७९।१२।२८ | खोजिखोला देखि काजो खानेपानी उस | पाइप ३२ एमएम र २० एमएम | १२६० मिटरको विस्तृत नापी नभएको | १२३०७८ |
| | | पाइप लाइन खन्ने | १२१५ मिटर पाइप पुरेकोमा कहाँ नखुलेको | ११८३२० |
| ४५।२०७९।१२।१८ | डाडाघर टोल खानेपानी उ स | पाइप ज डान | १२०० मिटर पाइप कहा जडान भएको नखुलेको | ५७३७८ |
| | | पाइप पुरेको | ३४१ मिटर पाइप पुरेकोमा कहाँ नखुलेको | ५४७४० |
| ८४।२०८०।२।४ | लादीङ वस्ती खानेपानी उ स | पाइप जडान | १३१३ मिटर पाइप जडान भएको नखुलेको | १७३८५४ |
| | | पाइप खन्ने र पुर्ने | १२०४ मिटर कहाँ खन्ने पुरेको नखुलेको | १०४५७७ |
| १०६।२०८०।२।१७ | ग्याङसुलुङ देखि डाम्राङ सडक उ स | हार्ड रक र मिडियम रक विस्तृत नापी नभएको | प्रतिशतका आधारमा लागत अनुमान र नापी राखेको | ५०६५६१ |
| जम्मा | | | | ११३८५०८ |

सैद्धान्तिक बेरूजु

४० **पूजिगतबाट चालु प्रकृतिको खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरूत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू ७०८८०९ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| **सि.नं.** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १०।२०७९।८।६ | भिजन भेन्चर | आखा केन्द्र सामान खरिद | ४९९६२ |
| ४८।२०७९।१२।२९ | विभिन्न ४९ जना | पहिरोबाट धान खेतमा पुऱ्याएको क्षतिको राहत वितरण | ५०८८४८ |
| १३५।२०८०।३।२० | स्मार्ट निर्माण सामाग्री सप्लायर्स | स्वास्थ्य संस्थालाइ सामान खरिद | १४९९९९ |
| | **जम्मा** | | ७०८८०९ |

सैद्धान्तिक बेरूजु

४१ **गोगने बार्कु खानेपानी योजना -** खानेपानी योजना निर्माण कार्य गर्नका लागि ६३८६४५१ को लागत अनुमान तयार गरी रेड पाण्डा निर्माण सेवासंग रू ५०८५०३५ मा ३।५ महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७९।१२।६ मा खरिद सम्झौता गरेको देखिन्छ ।२०८०।३।१० मा निर्माण कार्य सम्पन्न गरेको जनाई रू ५०३९३५० भुक्तानी गरेको देखिन्छ । यसमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

**विस्तृत नापी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम खरिद सम्झौताका शर्त अनुसार वास्तविक काम भएको स्पष्ट देखिने गरी प्राविधिक नापी गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले गोगने बार्कु खानेपानी योजना निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई अन्तिम रनिङ विलको भुक्तानी गर्दा तपशिल वमोजिको कार्यको विस्तृत नापी नराखेको पाइप जडान भएको देखिने नापी पेस नगरेको उल्लेख गरेकोमा गाउँपालिकाले सो पश्चात नापी पेस गरेको छ । साथै पाइपको गुणस्तर परीक्षण गरेको समेत देखिदैन । खानेपानी योजना निर्माण गर्दा गाउँपालिकाले गुणस्तर कायम हुने गरी गर्नुपर्दछ ।

| आइटम | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| पाइप | ५० देखि ६३ एमएम | २२०१५६६ | ५५४३ मिटर खरिद |
| पाइप | ३२देखि ४० एमएम | १४३५३५ | ११४४ मिटर खरिद |
| पाइप | २० देखि ३२ एमएम | ९६८९४ | २३०१ मिटर खरिद |
| पाइप खन्ने र पुर्ने | ५० देखि ५३ एमएम | ३४२००० | ४२२४ मिटरको ७६० |
| | ३२ देखि ४० एमएम | ५२९७४ | ८७२ मिटर पाइप ११७ |
| | २० देखि २५ एमएमज | ५७३३ | २८३ मिटर पाइप १२ |
| **जम्मा** | | **२८४२७०२** | |

सैद्धान्तिक बेरूजु

४२ **उपभोक्ता समितिबाट जटिल प्रकृतिको निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक ढलान, ओभरहेड टंकी, निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन पर्नेमा निर्माण कार्यको गुणस्तर नै नहुने गरी उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् -

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४०।२०८०।३।२० | सामुदायिक भवन निर्माण उ स | भवन निर्माण | ६२३००० |
| ८९।२०८०।२।९ | पहरे खेत स्वारा सिमखेत सिचाइ उस | सिचाइ योजना निर्माण | ६२८००० |
| १०१।२०८०।२।१७ | ढुङ्गे आधारभुत विद्यालय कक्षाकोठा निर्माण उ स | कक्षाकोठा भवन निर्माण | ८२३००० |
| १०९।२०८०।२।१९ | स्याउखेत चर्च भवन निर्माण उ स | भवन निर्माण | ५३५००० |
| ४९।२०७९।१२।२९ | बनुवाडाडा देखि सडक ढलान उ स | सडक ढलान | ८९९००० |
| | **जम्मा** | | ३५०८००० |

| सैद्धान्तिक बेरूजु |
|---|

४३ **फरक शिर्षक खर्च –**

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.७७८४२४ सम्परीक्षण गरिएको ।)***

४४ **जनश्रमदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष खरिद सम्झौता गरेका उपभोक्ता समितिसंग हुने सम्पूर्ण खरिद सम्झौतामा जनश्रमदान ५ प्रतिशत हुने निर्णय गरेको देखियो । उपभोक्ताबाट निर्माण गरिने खरिद कार्यमा जनश्रमदान जति बढि गराउन सकिन्छ सोही अनुसार खरिद कार्यमा समेत उपभोक्ता समितिको अपनत्व हुने हुदाँ जनश्रमदान बढाउने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

४५ **विल भर्पाइ नभएको -**

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३१ को निर्णयबाट रु. ५४०,००० सम्परीक्षण गरिएको ।)***

४६ **धार्ना खोला खानेपानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको कामको प्राविधिक नापी सहित उपभोक्ता समितिले खर्च अनुमोदन सहित पेस गरेमा खर्च लख्नु पर्दछ । गाउँपालिकाले गो भौ नं १०० मिति २०८०।२।१० बाट धार्ना खोला खानेपानी निर्माण उपभोक्ता समितिलाई रू ३५७००० भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेस गरेको फोटोमा पाइप पुरेको नभइ खुल्ला नै राखेर खानेपानी योजना निर्माण सम्पन्न गरेको देखिएकोले पाइप खन्ने तथा पुर्नेमा १७०० मिटरमा ०।४ चौडाइ ०।४० उचाइ खनेको जनाइ २७२ घन मिटरको रू ५९५ ले रू १६१८४० भुक्तानी गरेको देखिन्छ । पाइप खरिद समेत १७०० मिटर पाइप नै जडान देखिएकोले सत प्रतिशत पाइप खन्ने र पुर्ने नापी गरेको नापीबाट देखिएकोमा उपभोक्ता समितिले पेस गरेको फोटोमा पाइप पुरेको नदेखिएकोले गाउँपालिकाले स्थलगत रूपमा एकिन गरी प्राविधिक नापी सहित अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने रू

| प्रमाण पेश नगरेको | १,६१,८४० |
|---|---|

४७ **ढुङ्गाको बढि भुक्तानी** - स्टान्ड्रड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज २०७५ को वुदा नं ९०१ हार्ड रक कटिङको ढुङ्गा स्टक्चरमा प्रयोग हुने भएमा ढुङ्गाको दर ५० प्रतिशतले घटाउनु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले तपिशल वमोजिमका उपभोक्ता समितिसंग खरिद सम्झौता गर्दा हार्ड रक कटिङको ढुङ्गा स्टक्चरमा प्रयोग हुने हुदाँ ५० प्रतिशत ढुङ्गाको दर नघटाइ बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू

| गो भौ नं र मिति | भुक्तानी पाउने | हार्ड रक परिमाण | स्टक्चरको परिमाण | भुक्तानी गर्नुपर्ने दर | भुक्तानी गरेको दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १०६।२०८०।२।१७ | ग्याङसुलुङ देखि डाम्राङ सडक उ स | १६५ | १०० | १९५६।३६ | २७५६।५३ | ६६१७४ |
| १३७।२०८०।३।२० | भाङ्गेखोला देखि खड्कु सडकउस | १९० | १३० | १८१४।६९ | २६०२।६९ | ७४९०७ |
| जम्मा | | | | | | १४१०८१ |

| असुल गर्नुपर्ने | १,४१,०८१ |
|---|---|

४८ **बीमा -** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा निर्माण कार्यको ११५ प्रतिशत तथा मेशिन उपकरण र कर्मचारीको त्रुटि सच्याउने अवधीसम्मको बीमा गर्नुपर्ने व्यवस्था खरिद सम्झौताको र विषेश शर्त १९ मा गरेको देखिन्छ । गाउँपालिकाले यस वर्ष ठेक्का व्यवस्थापन गरेका सबै ठेक्कामा बीमा सम्वन्धी व्यवस्था विशेष शर्त नराखेको देखियो । निर्माण व्यवसायीले समेत वीमा गरेको प्रमाण समेत अन्तिममा पेस गर्ने गरेको र कतिपय निर्माण व्यवसायीले तोकिएको सम्झौता रकम कभर नगर्ने गरी बीमा गरेको प्रमाण पेस गर्ने गरेको देखिएकोले गाउँपालिकाले खरिद ऐन तथा नियमावली वमोजिम बीमा गर्नुपर्ने व्यवस्था खरिद सम्झौताको विशेष शर्तमा राख्ने र निर्माण व्यवसायीलाई खरिद सम्झौता गर्दा बीमा गरेको प्रमाण अनिवार्य पेस गर्न लगाउनु पर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

४९ **सामुदायिक स्वास्थ्य भवन -** सामुदायिक स्वास्थ्य भवन निर्माण कार्य गर्नका लागि रू ६६७३८३९ को लागत अनुमान तयार गरी विएस नमोवुद्द कन्स्ट्रक्सन एण्ड सप्लायर्ससग ४३९२७६९ मा खरिद सम्झौता गरेको देखिन्छ । मिति २०८०।३।२० मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०८०।२।१६ मा खरिद सम्झौता गरेको देखिन्छ । २०८० ।३।१८ मा निर्माण कार्य सम्पन्न गरेको जनाइ कार्य सम्पन्न गरेको देखिन्छ । यसमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन् ।

४९.१ **नक्सा पास -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ वमोजिम गाउँपालिकाले गाउँपालिका भित्र निर्माण कार्य हुने सबै सरकारी तथा व्यक्तिगत भवनको नक्सा पास गरेर मात्र भवन निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले निर्माण गरेको सामुदायिक स्वास्थ्य इकाइ भवन व्यक्तिगत जग्गामा निर्माण गरिरेहको र उक्त जग्गा गाउँपालिकाको नाममा नामसारी नगरेको तथा भवनको नक्सा पास गरेको देखिएन

। गाउँपालिकाले ऐनमा भएको व्यवस्था पालना गरी सरकारी भवन निर्माण भएको जग्गा गाउँपालिकाको नाममा ल्याउने र नक्सा पास गरेर मात्र भवन निर्माण कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

४९.२ **गुणस्तर-** सार्वजनिक खरिद नियमाली २०६४ को नियम १११ तथा खरिद सम्झौता वमोझिम भवन निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट डण्डी इट्टा मेशिनरीको स्ट्रेन्थ क्युब टेष्ट लगायतका टेष्ट गर्ने गरी निर्माण व्यवसायीले गुणस्तर आश्वस्तता योजना पेस गरी गाउँपालिकाले उक्त गुणस्तर आश्वस्तता योजना अनुसार काम भए नभएको परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्दछ । स्वास्थ्य इकाइको भवन निर्माण गर्नेगरी २०८०।२।१६ मा खरिद सम्झौता गरेको र २०८०।३।१८ मा दुइ तला ढलान सहित प्लाष्टरिङ सहित निर्माण कार्य सम्पन्न भएको भनी कार्य सम्पन्न वनाएको देखिन्छ ।भवनको स्थलगत अनुगमनको क्रममा बीमलाई पिल्लरको सेन्टरमा पर्ने गरी राख्नुपर्नेमा सो नराखेको समेत देखियो । खरिद सम्झौता गरेको ३२ दिनमा दुई तला भवन ढलान र पहिलो तला पलाष्टरसमेत गरेको देखिएकोले र तपशिल वमोजिमको निर्माण कार्य भएकोमा कुनै पनि परीक्षण नभएको र भवन भवन निर्माणको समयमा तोकिएको समयसम्म क्युरिङ समेत भएको नदेखिएकोले भवन निर्माण कार्य गुणस्तरीय भएको छ भन्न सकिदैन । गाउँपालिकाले भवन निर्माण कार्य गर्दा तोकिएको गुणस्तर कायम गर्नुपर्दछ।

| **आइटम** | **परिमाण** | **दर** | **भुक्तानी रकम** |
|---|---|---|---|
| पिसिसि फर आरसिसि | ४३।२५ | ११००० | ४३२५०० |
| पिसिसि | १०।८३ | ७००० | ७५८१० |
| डण्डि | ५८९२।९ | १२८ | ७५४२९१ |
| ब्रिक मेशिनरी | ३१।२० | १३५०० | ४२५२५० |
| मेशिनरी वाल | ४०।५० | ४५०० | १८२२५० |

| सैद्धान्तिक बेरूजु |
|---|

४९.३ **कार्य नै नगरी भुक्तानी -**

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.३३९,७१५ सम्परीक्षण गरिएको ।)***

४९.४ **कार्यसम्पन्न -**

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.४,०२७,७५४ सम्परीक्षण गरिएको ।)***

५० **भाङ्गेखोला सिम्ले गोरेगाँउ खानेपानी -** खानेपानी आयोजना निर्माण सम्पन्न गर्नका लागि रू २५००००२ को लागत अनुमानत तयार गरी गाउँपालिकाले भाङ्गेखोला सिम्ले खानेपानी उपभोक्ता समितिसंग खरिद सम्झौता

गरेको देखिन्छ । खरिद सम्झौता गर्दा RVT 1 र RVT 2 निर्माण गर्ने ५५ घर धुरीमा खानेपानी धारा जडान गर्ने गरी खरिद सम्झौता गरेकोमा उपभोक्ताको रनिङ विल परीक्षण गर्दा उपभोक्ता समितिले तोकिएको काम नै नगरी कार्यम्पन्न गरी अन्तिम विल रू १८८८००० भुक्तानी गरेको देखिन्छ । RVT २ निर्माण नभएको र १४ वटा धारा निर्माण नगरी सम्झौता रकमको ७५ प्रतिशत काम गरी उपभोक्ता समितिको निर्माण कार्य सम्पन्न गरेको नियमसम्मत मान्न सकिदैन । उपभोक्ता समितिलाई तोकिएको कार्य सम्पन्न गराइ मात्र कार्य सम्पन्न गराउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

५१ **अधुरो आयोजना -** माजँगाउँ भट्ट उपल्लोपौवा बेतेनी सडक निर्माण कार्य गर्नका लागि रू ४७६७५१४ मा लागत अनुमान तयार गरी सिङ्गे मेन्दी निर्माण सेवासंग ४ महिनामा सम्पन्न गर्ने गरी रू २६२६९५८ मा २०७९।१०।९ मा खरिद सम्झौता गरेको देखिन्छ । शुरू म्याद २०८०।२।९ मा समाप्त भएकोमा हालसम्म म्याद थप भएको छैन यसमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

५१.१ **गाउँपालिकालाई थप व्ययभार -** विशेष अनुदान कार्यविधि अनुसार अनुदान प्राप्त आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न हुन नसकेमा उक्त अनुदान फिर्ता हुने र काम बाँकि रहेमा बाँकि कामको आर्थिक भार गाउँपालिकालाई पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सडक निर्माण कार्य गर्नका लागि २०७९ माघमा ठेक्का व्यवस्थापन गरेको र ४ महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा निर्माण व्यवसायीलाई गो भौ नं २२ मिति २०८०।३।२३ बाट प्रथम रनिङ बिल वापत रू ६७६९१२ भुक्तानी गरेको देखिन्छ । बाँकि काम गर्नका लागि आवश्यक पर्ने रकम रू १९९३९९० रकम गाउँपालिकालाई आर्थिक भार परेको देखिन्छ ।समयमा नै निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौता र सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम कार्वाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५१.२ **म्याद थप -** खरिद सम्झौताको शर्त अनुसार भेरियसन र कम्पेनसेसन इभेन्टको अवस्था सिर्जना भएमा निर्माण व्यवसायीले शुरू म्याद सकिने मितिभन्दा २१ दिन अगाडि म्याद थपको निवेदन पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद सम्झौता गरेको निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन नदिएको तथा शुरू म्याद सकिसकेको देखिएकोले खरिद सम्झौता अनुसार निर्माण व्यवसायीलाई कानुनी कार्वाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५२ **नापी पेस नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम करारका सम्झौता अनुसार वास्तविक कामको प्राविधिक नापीका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साथै खरिद नियमावलीको नियम १२५ वमोजिम सार्वजनिक निकायलाई निर्माण कार्य सम्पन्न गरिएको कामको एजविल्ट नक्सा ३० दिनभित्र पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद सम्झौता गरेका तपिशल वमोजिमको निर्माण कार्यको विस्तृत नापी भएको पाइप खरिद र लेइङ जोइनिङको लमसम परिमाण राखी भुक्तानी गरेको देखियो । वास्तविक काम भएको खुल्ने गरी विस्तृत नापी सहित एजविल्ट नक्सा र साइटको फोटो सहितको प्रतिवेदन पेस गर्नुपर्ने रू

| ठेक्का नं | निर्माण व्यवसायी | आइटम | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| २०७९।८०।३ | सिङ्गे मेन्दी निर्माण सेवा | पाइप लाइन २० ३२ ४० ५० र ६३ एमएमको पाइप | ५५७१ | विभिन्न | ४८१४२० |
| | | पाइप खन्ने र पुर्ने | ३९८।८४ | ५०० | १९९४२२ |
| भाङ्गेखोला सिम्ले गोरेगाँउ खानेपानी उ स | उपभोक्ता समिति | पाइप ४० २० र ३२ एमएम खरिद | ५१०० | विभिन्न | ४०१७७१ |
| | | पाइप खनेको पुरेको | ७८७ | ५९५ | ४६८२६५ |
| जम्मा | | | | | १५५०८७८ |
| | | | | प्रमाण पेश नगरेको | १५,५०,८७८ |

५३ **प्रमाण नभएको -** पिएस आइटममा भएको खर्चको बील भर्पाइ पेस गर्नुपर्ने तथा रिलोकेसनबाट गरेको काम समेत नापी किताबमा जनाइ मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले तपशिल वमोजिमको पिएस आइटमको खर्च लेख्दा बीमा लेख नभएको तथा रिलोकेसनबाट खरिद गरेको सामानको नापी नभएको तथा स्थलगत रूपमा हेर्दा समेत काम भएको नदेखिएकोले साइटमा पिएस आएटमबाट खरिद गरेको सामानको फोटो सहितको नापी पेस गर्नुपर्दछ अन्यथा असुल गर्नुपर्ने रू

| ठेक्का नं | निर्माण व्यवसायी | पिएसबाट भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| सामुदायिक स्वास्थ्य भवन | बिएस नमोवुद्द कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १००४५७ | पिएसवाट खरिदको नापी नभएको |
| | | ३४०५१ | ठेक्कासंग सम्वन्धी बीमा पोलीसी नभएकोले असुल गर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| ढुङ्गे कर्मिडाडा खानेपानी | सिङ्गे मेन्दी निर्माण सेवा | ६०३४२ | पिएस आइटमबाट खरिद सामानको नापी नभएको |
| जम्मा | | १९४८५० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३४,५०८ |

५४ **खोजिखोला दलढुङ्गा सडक**

५४.१ **लागत अनुमानअनुसार काम नभएको -** सार्वजनिक खरिद ऐन २०६३ को दफा वमोझिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गरेर निर्माण कार्य गर्नुपर्दछ । गाउँपालिकाले खोजिखोला देखि दलढुङ्गा सडक निर्माण कार्य गर्नका लागि रू ४८६६२३१ को लागत अनुमान तयार गरी तिरू कन्स्ट्रक्सन एण्ड सप्लायर्ससंग रू २३५६१४२ मा खरिद सम्झौता गरेकोमा लागत अनुमान तयार गर्दा ओडिनरी रक १७१४८ घन मिटर मिडियम रक ५१५५ घ मि तथा हार्ड रक ३७९ कटिङ गर्नुपर्ने गरी औषत विधीबाट खन्ने कार्यको लागत अनुमान रू १३४।२० कायम गरी लागत अनुमान तयार गरेको देखिन्छ । अन्तिम नापी गर्दा मिडियम रक र हार्ड रकम नापी नगरी ओडिनरी स्वाइलको मात्र नापी गरी भुक्तानी गरेको देखिन्छ । मिडियम रक हार्ड रकको परिमाण नै नभएको ठाँउमा लागत अनुमान तयार गर्दा नै गलत लागत अनुमान तयार गरेका कारण अन्ने कार्यको लागत अनुमान नै सहि आकलन भएको छैन । गाउँपालिकाले गलत लागत अनुमान तयार गरेका कारण निर्माण व्यवसायी अन्ने आइटममा ५९।३८ प्रतिशत घटी कबोल गरेकोले ओडिनरी स्वाइलको दर १८२१३ घ मि को परिमाणको कटिङ गर्दा गाउँपालिकाले तयार गरेको लागत अनुमान सहि छ भन्न सकिने अवस्था छैन । गाउँपालिकाले लागत अनुमान तयार गर्दा वास्तविक र यथार्थपरक वनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५४.२ **बढि भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक नापीका आधारमा मात्र भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले तपशिल वमोजिमको परिमाण बढि नापी गरी निर्माण व्यवसायी तिरू कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई खोजिखोला देखि दलढुङ्गा सडक निर्माण कार्यमा भुक्तानी गर्न नमिल्ने रकम भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रू

| **आइटम** | **विवरण** | **भुक्तनी रकम** | **कैफियत** |
|---|---|---|---|
| म्यानुअल एक्जाभेसन | ९।६६*१०५० | १०१४३ | म्यानुअल छुट्टै नापेको |
| ग्याविन कार्य | २२१*३३०० भुक्तानी गर्नुपर्नेमा २४३*३३०० गरेको | ७२६०० | ग्याविन शुरू परिमाण भन्दा बढि |
| जम्मा | | ८२७४३ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,१४३ |

## ५५ उपभोक्ता समितिबाट निर्माण कार्य

५५.१ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ ।गाउँपालिका भित्र गोरेटो बाटो र सिढीं निर्माण गर्ने गरी साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्-

| **क. सं.** | **विवरण** | **योजना संख्या** | **रकम** |
|---|---|---|---|
| १ | रू १ लाख भन्दा कमको योजना | २ | २००००० |
| २ | रू एक लाख एक देखि पाँच लाख सम्मका योजना | ६८ | ३३५०१००० |
| ३ | रू ५ लाख देखि १० लाख सम्मका योजना | २२ | १८९१५००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ४ | ८१००००० |
| ५ | ५० लाख भन्दा माथीका | ३ | २००००००० |
| | **जम्मा** | **९९** | **८२५१६०००** |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५५.२ **उपभोक्ता समिमितबाट निर्माण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितवाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने स्वीकृत गर्ने प्राविधिक सल्लाह दिने नापजाच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा गाउँपालिकाले उपभोक्ता समितिवाट रू ८ करोड २५ लाख वरावरको निर्माण कार्य गरेको देखिन्छ । प्राय जसो उपभोक्ता समितिले ढलानको कार्य मेशिनरी कार्य ग्याविनको कार्य तथा भवन निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेकोमा उक्त निर्माण कार्यमा गर्नुपर्ने ल्याव परीक्षण नहुने हुदाँ उपभोक्ता समितिले गरेको कार्यमा गुणस्तर कायम हुन नसक्ने हुदाँ नियमावलीले गरेको व्यवस्था वमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिवाट नगर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५५.३ **उपभोक्ता समिति दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । गाउँपालिकाले यो बर्ष विभिन्न ९९ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू ८ करोड २५ लाख भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रूपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५५.४ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ गाउँपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरूप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन -

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १०६।२०८०।२।१७ | ग्याङसुलुङ देखि डाम्राङ सडक | सडक स्तरउन्नति | ८९०००० | एक्साभेटर र ब्रेकर | ४०१३७६ |
| १२७।२०८०।३।५ | भूमेदेवी मा वि खेल मैदान उस | खेल मैदान निर्माण | ४४७००० | डोजर | १५७३९ |
| १३०।२०८०।३।७ | घडेरी डाडाँदेखि कम्लुङहुदै खोरूवा उस | सडक स्तरउन्नती | ७३५००० | स्काभेटर | २८९५०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३१।२०८०।३।७ | ओखरेबोट देखि बलेखर्क सडक उ स | सडक निर्माण | ७२१००० | बकेट ब्रेकर | १९२६६५ |
| १३७।२०८०।३।२० | भाङ्गेखोला देखि खडकु सडक उ स | सडक स्तरउन्नती | ६६५५०० | डोजर | ६८७०४० |
| | **जम्मा** | | ३४५८५०० | | १५५६३२६ |

सैद्धान्तिक बेरूजु

५६ **आवधिक योजना निर्माण** - कार्यालयले उत्तरगया गाउगाउँपालिका, रसुवा, वाग्मती प्रदेशको दोश्रो आवधिक योजना, २०८०।८१-२०८४।८५ शिर्षकमा गो भौ नं ८२१ मिति २०८०।३।२४ बाट रू. ९,७१,८००।० बजेट खर्च गरेको छ ।उक्त आवधिक योजनाको प्रक्षेपणअनुसार यस आवधिक योजनाले गाउँपालिकाको विकासको लागि रू. १६ अर्ब ७३ करोड ७२ लाख ९१ हजार १६१ लगानीको अनुमान गरिएको छ । उक्त योजनाको प्रक्षेपणअनुसार उक्त अवधिमा गाउँपालिकाबाट करिव १६ प्रतिशत र निजी क्षेत्रका लगानी प्रबर्द्धकहरू, व्यवसायिक लगानीकर्ताहरू, संघ र प्रदेश सरकार, गैर सरकारी संस्था र उत्तरगयावासी जनताहरूबाट करिव ८४ प्रतिशत लगानी हुने अनुमान गरेको छ ।लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७९।८० मा गाउँपालिकाको जम्मा बजेट रू. ४० करोड ३८ लाख ७९ हजार ४१९ रहेकोमा पुँजिगत बजेट रू. १३ करोड ३ लाख ८० हजार २०० रहेको स्थितिमा आगामि ५ वर्षमा गाउगाउँपालिकावाट विकास निर्माणमा २ अर्ब र समग्रमा १६ अर्ब लगानी गरी योजनाको प्रक्षेपति उपलब्धी हासिल गर्नु गाउँपालिकाको श्रोत व्यवस्थापन क्षमताभन्दा वाहिर देखिन्छ । आगामी दिनमा यस किसिमका अध्ययन अनुसन्धानमा खर्च गर्दा उक्त अध्ययनबाट प्राप्त सुझाव कार्यन्वयन गर्न गाउँपालिकाको वित्तीय क्षमताले थेग्न सक्ने र गाउँपालिकाले श्रोत व्यवस्थापन गर्न सक्ने कार्यमा मात्र गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५७ **गैर सरकारी संस्थावाट सेवा खरिद –**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु. ७८९,६३० सम्परीक्षण गरिएको ।)*

५८ **आइई प्रतिवेदन** - कार्यालयले उत्तरयगा गाउँपालिका भित्र पर्ने त्रिशुली खोला, मैलुङ्ग खोला, भाङ्ग खोला, अधेरी खोला र फलाखु खोलामा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन गर्ने प्रयोगजनका लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्ने कार्यमा गो भौ नं ८१६ मिति २०८०।३।२३ बाट रू. ४,७३,४४०।० बजेट खर्च गरेको छ । उक्त क्षेत्रहरू लाङ्गटाङ्ग राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रभित्र परेको कारणले उक्त प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेवमोजिम कार्यालयले नदीजन्य पद्धार्थहरू उत्खनन गर्ने कार्य शुरू गर्न सकेको छैन । यसरी सरोकारवाला निकायहरूसंग पर्याप्त छलफल र समन्वयविना नै प्रारम्भिक

वातावरणीय परीक्षणको लागि बजेट खर्च गर्दा सो खर्चवाट उपलब्धी हुन सकेको देखिएन । यसवाट खर्च हुने तर सोवाट प्रतिफल प्राप्त नहुने अवस्था सिर्जना हुन गएको छ । आगमी दिनमा सार्वजनिक खर्च गर्दा सोसंग सम्बन्धित सरोकारवाला निकायसंग समेत समन्वय गरी भावी दिनमा उपलब्धि हासिल हुने किसिमले खर्च गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५९ **पारिश्रमिक कर** - आय कर ऐन २०५८ अनुसार वार्षिक आयमा ऐन अनुसार कर गणना गरी पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सव इन्जिनियर चक्र वहादुर कार्कीलाई वार्षिक आयमा पारिश्रमिक कर वापत रू १२१३६ कट्टा गर्नुपर्नेमा सो नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,१३६ |

६० **दर्ता चलानी प्रणाली** - कार्यालयमा प्राप्त हुने पत्रहरू दर्ता तथा कार्यालयबाट अन्यत्र पठाउने पत्रहरू चलानी गर्ने प्रयोजनको लागि कार्यालयले गो भौ नं ८२४ मिति २०८०।३।२४ बाट रू. ४,८२,१२०।० बजेट खर्च गरी चालु आ.व.देखि सन्चालनमा ल्याएको Office Automation system with darta chalani sifaris प्रणाली सन्चालन सम्बन्धमा सेवा प्रदायकसंग विस्तृत सम्झौता गरिएको छैन । यसवाट प्रणालीमा कुनै समस्या आएमा त्यसको समाधान कसरी गर्ने, मर्मत कुन शर्तमा कसरी र कहिलेसम्म कम्पनिले गर्ने, कहिलेवाट कार्यालयले थप सेवाशुल्क भुक्तानी गर्ने, प्रणालीको अभिलेखमा कुनै समस्या देखिएमा को जिम्मेवार हुने ? आदिजस्ता विषय निक्यौंल नगरी वाह्य संस्थाले विकास गरेको सफ्टवेयर प्रयोग गर्दा भविस्यमा कार्यालयलाई समस्या पर्न सक्दछ । तसर्थ आगामी दिनमा कुनैपनि सफ्टवेयर प्रणाली खरिद गर्दा उक्त प्रणालीको विश्वसनियता, प्रणाली सञ्चालनका क्रममा आईपर्न सक्ने सम्भावित समस्या र सो समस्या समाधानका उपाय र जिम्मेवार पक्षवारे निक्यौंल गरी आपूर्तिकर्तासंग लिखित सम्झौता गरेर मात्र त्यस्ता प्रणाली खरिद गरि प्रयोगमा ल्याईनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

६१ **साझेदारी कृषि तथा पशु विकास उद्यमशिलता परियोजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा पेश्कीसम्बन्धी व्यवस्थाअनुसार सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तीकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकवाट अग्रिम बैंक जमानत लिई पेश्की दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले मिति २०७९।११।११ मा गाउँपालिकाको हिंउदे सभावाट पारित गरेको उत्तरगया गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ दफा-८ (वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी) मा गैर- नाफामूलक संस्थाको हकमा कार्यविधि वनाई अग्रिम पेश्की प्रदान गर्न सकिने कानूनी व्यवस्था गरेको छ । जसअनसार मिति २०७९।११।१४ मा कार्यविधि पारित गरी उक्त कार्यविधिको दफा १७च मा "गैरनाफामूलक संस्थाको हकमा बैंक जमानत विना नै अग्रिम पेश्की उपलब्ध गराउन सकिने" व्यवस्था गरिएको छ ।यसरी मालसामान तथा सेवा खरिद गर्ने प्रयोजनको गाउँपालिकाले पारित गरेको ऐनमा सार्वजनिक खरिद ऐनसंग वाझिने गरी राखिएको व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५(२ख) वमोजिम स्वत-अमान्य हुने हुँदा आगामी दिनमा ऐन पारित गर्दा मुल कानूनसंग नबाझिने गरी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

६२ **विस्तृत परियोजना प्रतिवेदन निर्माण -** कार्यालयले गाउँपालिकाको वडा नं २ र ३ मा पर्ने शान्तिवजार जिरो ठुलोगाँउ जिरो डाँडागाँउ सडकको डिपिआर निर्माणमा गो भौ नं ८४४ मिति २०८०।३।२४ बाट रू. ६,१६,२७५।० बजेट खर्च गरेको छ । उक्त परियोजना प्रतिवेदनअनुसार उक्त सडकको निर्माणको लागि कुल रू. ७९ करोड ८६ लाख ३३ हजार ७९०।० बजेटको आवश्यकता पर्ने देखिन्छ । गाउँपालिकाले लेखापरिक्षण भएको आर्थिक वर्षमा करिव १३ करोड रूपैया पुँजिगत बजेट विनियोजन गरेको आधारमा प्रतिवेदनको सिफारिसअनुसारको योजना कार्यान्वयनको लागि करिव ६ वर्षको सम्पुर्ण पुँजिगत बजेट बराबरको श्रोत आवश्यक पर्ने देखिन्छ ।जुन गाउँपालिकाको श्रोत क्षमताभन्दा वाहिर हुन आउछ । तसर्थ आगामि दिनमा यस प्रकारका परामर्श सेवामा बजेट खर्च गर्दा गाउँपालिकाको बजेट व्यवस्थापन क्षमतालाई समेत ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

६३ **गाउँपालिकाको २० वर्षे गुरूयोजना -** गाउँपालिकाको २० वर्षे गुरूयोजना(२०८०।८१-२०९९।२१००) निर्माणको लागि गो भौ नं ८२२ मिति २०८०।३।२४ बाट रू. १५,९५,५६०।० बजेट खर्च गरेको छ । उक्त २० वर्षे गुरूयोजनाले कृषि, पशु, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ती, वित्तीय तथा सहकारी, स्वास्थ्य, खाद्यसुरक्षा तथा पोषण, शिक्षा, विज्ञान प्रविधि, मानव संसाधन, श्रम तथ रोजगार, युवा तथा खेलकुद, महिला तथा वालवालिका, भाषा साहित्य, उर्जा, सडक पूल तथा यातायात, खानेपानी तथा सिचाँई, भवन तथा आवास, भूमी व्यवस्थापन, वन आदिजस्ता क्षेत्रका करिव ४७२ सूचकहरू पहिचान गरी आर्थिक वर्ष २०७९।८० लाई आधार वर्ष लिई त्यसपछिका ५ वर्ष, १० वर्ष र २० वर्षे लक्ष्य निर्धारण गरी विकासका लागि आवश्यक बजेटको प्रक्षेपण गरेको छ । आधार वर्षमा करिव ३७ करोड बजेटलाई आधार लिई ५ वर्षमा २ अर्ब ६८ करोड, १० वर्षमा ४ अर्ब ३२ करोड र २० वर्षमा १२ अर्ब ९६ करोड बजेट आवश्यक पर्ने योजनाको अनुमान छ । उक्त योजनाको सुझावअनुसार योजना तर्जुमा र कार्यन्वयनको अनुगमन गर्ने विशिष्टकृत संरचना गाउगाउँपालिकामा गठन भएको छैन । यसरी हाल तयार भएको यस योजनाको लक्षअनुसार सहायक योजना तयार गरी सोवमोजिमको उपलब्धी हासिल गर्न गाउँपालिकाले छुटै समिति गठन गरी सो वमोजिम योजना तर्जुमा, बजेट विनियोजन र प्राप्त उपलब्धीको नियमित अनुगमन तथा प्रतिवेदन हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

६४ **सामाजिक सुरक्षा तर्फ** - यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न हिमालयन बैंक मार्फत निकाशा दिएकोमा उक्त भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसारछन ।

६४.१ **रिभर्स फिड –**

✍ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु.२,९३९,५७६.२ सम्परीक्षण गरिएको ।)***

६४.२ **लगतकट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरूले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरूको सामाजिक सुरक्षा भत्ता पाउनेहरूको विवरण नमूना छनौट गरी हेर्दा मृत्यु भै सकेका व्यक्तिहरूको खातामा समेत निकासा भएको देखिएको छ । यस सम्बन्धमा कार्यालयले थप छानविन गरी वढी निकाशा भएको रकम फिर्ता लिनुपर्दछ । देहायका व्यक्तिहरूको मृत्यु पश्चात समेत निजहरूको खातामा रकम निकाशा भएको देखिन्छ । कार्यालयको अभिलेख अनुसार मृत्यु भएका लाभग्राहीको लगत अद्यावधिक नगरी निजहरूको खातामा रकम निकाशा गर्न नमिल्ने हुंदा मृत्यु पश्चात निकाशा भएको देहाय अनुसारको रकम फिर्ता लिइ संघिय संचितकोष दाखिला हुनुपर्ने रू.

| वडा | नाम | कार्यालयको अभिलेख अनुसार मृत्यु भएको मिति | नागरिकता नं. | रकम निकासा अवधी | दर (प्रति महिना) | वढी निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | कामिसि तामाङ्ग | २०७९।१०।९ | १५१६-११५ | तेस्रो त्रैमासिक | ४००० | १०८०० |
| | डनडुन तामाङ्ग | २०७९।९।१५ | ४५- ४८९२ | तेस्रो र चौथो त्रैमासिक | ४००० | २६००० |
| | शुभ तामाङनी | २०७९।११।२२ | ९४- २७२ | तेस्रो त्रैमासिक | ४००० | ५०६६ |
| ३ | धनमायाँ तामाङनी | २०७९।१०।१९ | - | चौथो त्रैमासिक | ४००० | २१३३३ |
| | होमनाथ तिमल्सिना | २०७९।९।२४ | - | चौथो त्रैमासिक | ४००० | २४८०० |
| ५ | होमनाथ घिमिरे | २०७९।५।१३ | ६०२ | प्र.दो र तेस्रो त्रैमासिक | ४००० | ३०६६६ |
| | काजिमान दर्जी | २०७९।८।१३ | १२७ | दोस्रो र तेस्रो त्रैमासिक | ४००० | १८२६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विष्णु व. विश्वकर्मा | २०७९।१०।२६ | ६२९ | तेस्रो त्रैमासिक | ४००० | ८५३३ |
| | शिव कुमारी पौडेल | २०७९।१०।५ | ४६३ | तेस्रो र चौथोको २ महिना | ४००० | १९३३३ |
| | जम्माः | | | | | १६४७९७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,७९७ |

६४.३ **वैंकवाट फिर्ता लिनुपर्ने -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार वैंकले उपलव्ध गराएको विवरण अनुसार सामाजिक सुरक्षा भत्ता वापतको रकम मृत्यु भएको तथा एकै व्यक्तिलाइ दोहोरो भुक्तानी भएको रकम रू.१६६५११.३२ र आर्थिक वर्षको अन्त्यमा वैंकले फिर्ता गर्नुपर्ने रकम रू.७२९०१.०० समेत रू.२३९४१२.०० रहेकोमा मिति २०८०।६।५ मा कारोवार संकेत नं २०८०-२४२१४१६ वाट (सामाजिक सुरक्षा दोहोरो दर्ता तथा लगत कट्टा भई फिर्ता भएको रकम दाखिला) रू. ११०३९९.७९ दाखिला भएको प्रमाण पेश भएकोले बाँकि रकम रू. १२९०१२.२१ अविलम्व संघिय संचित कोष दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२९,०१२.२१ |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष- २०७९/८०**

**कार्यालय र स्थान - उत्तरगया गाउँपालिका, रसुवा , उत्तरगया गाउँपालिका , रसुवा**

| पद | नाम | कार्यकाल सुरू मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dipak Prasad Adhikari | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Rupchandra Adhikari | २०७८-१२-२८ | हाल सम्म कार्यरत |

**बेरूजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३२३,५३७ | १५,२५२,५५५ | ८,४०५,५२५.४१ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू.** | | | | | २४,९८१,६१७.४१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रू.** | | | | | २०,११६,८०६.२ |
| **संपरीक्षणबाट थप भएको बेरूजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू.** | | | | | ४,८६४,८११.२१ |

**स्थानीय तह -**

| **गत बर्षको जिम्मेवारी** | | ३६३९१६२५.०५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३८६३३००० | **चालु खर्च** | २१९८५६१७७.२३ |
| **प्रदेश सरकारबाट अनुदान** | ४७४७८००० | **पूँजीगत खर्च** | ९७४२२१९१.५४ |
| **राजश्व बाँडफाँट** | ६७२८४९८०.४३ | **वित्तीय/अन्य व्यवस्था** | ८१७८९७८७.२२ |
| **आन्तरिक आय** | ३३२९७१७.३९ | | |
| **अन्य आय** | ५२८५५६४६ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ४०९५८१३४३.८२ | **कुल खर्च** | ३९९०६८१५५.९९ |
| **बाँकी मौज्दात** | | ४६९०४८१२.८८ | |

**बेरूजु दफा ३ सँग सम्बन्धित विवरण- अनुसूची-२**

| गाउँपालिकाको एकिकृत आर्थिक विवरण २०७९।८० | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३३,७७४,०३८.५३ | १ | चालु खर्च | | २१९,८५६,१७७.२३ |
| | क) नगद | - | | २ | पूँजीगत खर्च | | ९७,४२२,१९१.५४ |
| | ख) बैंक | ३३,७७४,०३८.५३ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | - |
| २ | राजस्व ( आन्तरिक आय) | | ७०,६१४,६९७.८२ | | क) ऋण भुक्तानी | - | |
| | क) आन्तरिक राजस्व | ३,३२९,७१७.३९ | | | ख) ब्याज भुक्तानी | - | |
| | ख) राजस्व बाँडफाँड | ६७,२८४,९८०.४३ | | | ग) अन्य भुक्तानी | - | |
| | ग) अन्य आय | - | | ४ | विभिन्न कोषबाट भुक्तानी | | ६४४,४७७.३३ |
| ३ | संघीय सरकारबाट प्राप्त अनुदान | | २३८,६३३,०००.०० | | क) स्थानीय तह विविध कोष खाता | - | |
| | क) वित्तिय समानीकरण अनुदान | ८०,६६०,०००.०० | | | ख स्थानीय तह विविध खर्च खाता | ६४४,४७७.३३ | |
| | ख) सशर्त अनुदान | १५७,९७३,०००.०० | | | ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | | |
| | ग) समपूरक अनुदान | - | | ५ | लगानी | | - |
| | घ) विशेष अनुदान | - | | | ऋण लगानी | - | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४७,४७८,०००.०० | | शेयर लगानी | - | |
| | क) वित्तिय समानीकरण अनुदान | ७,६७६,०००.०० | | | अन्य लगानी | - | |
| | ख) सशर्त अनुदान | १९,८०२,०००.०० | | ६ | धरौटी फिर्ता | | ९६५,३१५.०० |
| | ग) समपुरक अनुदान | - | | ७ | जनश्रमदान फिर्ता | | - |
| | घ) विशेष अनुदान | २०,०००,०००.०० | | ८ | कोष फिर्ता | | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | – | ९ | मौज्दात | | ४२,०२५,४०९.६९ |
| ६ | अन्य आम्दानी | | ४८,९७८,५८७.०० | | क) बैंक मौज्दात | ४२,०२५,४०९.६९ | |
| | क) क्षेत्रीय शहरी विकास योजना | – | | | ख) नगद मौज्दात | – | |
| | ख) सडक बोर्ड नेपाल | – | | १० | शसर्त अनुदान फिर्ता | | ३१,२०१,४०७.८९ |
| | ग) पर्यटन बोर्ड नेपाल | – | | | क) संघीय सरकार | १५,२०६,४३३.९१ | |
| | घ) एन एन एस डब्लु ए | – | | | ख) प्रदेश सरकार | १५,९९४,९७३.९८ | |
| | ङ) गरिब सँग विश्वेश्वर कार्यक्रम | ४५९,९९८.०० | | ११ | गत बर्षको बढी अल्या | | – |
| | च) सामाजिक सुरक्षा भत्ता | ४८,५१८,५८९.०० | | १२ | जनश्रमदान मौज्दात | | – |
| ७ | विभिन्न कोषतर्फको आय | | २,३११,१४०.०० | १३ | धरौट मौज्दात | | ३,२१२,७४०.५२ |
| | क) स्थानीय तह विविध कोष खाता | ४००,०००.०० | | १४ | कोष खाताको मौज्दात | | १,६६६,६६२.६७ |
| | ख स्थानीय तह विविध खर्च खाता | १,१००,९७७.०० | | | क) स्थानीय तह विविध कोष खाता | ४००,०००.०० | |
| | ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८१०,१६३.०० | | | ख स्थानीय तह विविध खर्च खाता | ४५६,४९९.६७ | |
| ८ | जनसहभागिता (नगद) | | – | | ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८१०,१६३.०० | |
| ९ | विषयगत निकायबाट प्राप्त | | – | १५ | अन्य खर्च | | ४८,९७८,५८७.०० |
| १० | धरौटी आय | | ४,१७८,०५५.५२ | | क) गरिब सँग विश्वेश्वर कार्यक्रम | ४५९,९९८.०० | |
| | क) गत बर्षको बैंक मौज्दात | २,६१७,५८६.५२ | | | ख) सामाजिक सुरक्षा भत्ता | ४८,५१८,५८९.०० | |
| | ख) चालु आ.व. मा प्राप्त | १,५६०,४६९.०० | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | – | | | | |
| १२ | अन्य विविध आय | | ५,४५०.०० | | | | |
| | क)ङ्कछरू रद्द | २,४५०.०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख)स्रोत बिना सञ्चित कोषमा दाखिला भएको | ३,०००.०० | | | | | |
| | जम्मा | | ४४५,९७२,९६८.८७ | | जम्मा | | ४४५,९७२,९६८.८७ |